# रिब्दीकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

9760870079
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np

प.सं. २०८०/०८१
च.नं.

**स्यानीटरी प्याड खरिदका लागि दररेट पेश गर्ने सम्बन्धी सूचना !**

(दोस्रो पटक प्रकाशित मितिः २०८१।०३।०४)

प्रस्तुत विषयमा यस गाउँपालिकाको चालु आ.व. २०८०।०८१ को स्वीकृत कार्यक्रमहरुमध्ये सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानीटरी प्याड ब्यवस्थापनका लागि स्यानीटरी प्याड खरिदका लागि मिति २०८१।०२।२३ गते प्रकाशित सूचना बमोजिम पेश भएका सिलबन्दी दरभाउपत्रहरु मूल्याँङ्कन गर्दा अस्वभाविक दररेट देखिएकोले प्राप्त दररेटहरु रद्ध गरी पुनः सूचना गर्ने निर्णय भएकोले ईच्छुक योग्य फर्म/ कम्पनीहरुले के-कती दररेटमा विक्री गर्न सकिने हो, आफुले बिक्री गर्न सक्ने दररेट रकम यसै सूचना साथ संग्लन Technical Specification को आधारमा BOQ भरी मिति २०८१।०३।०७ गते दिउसो ३:00 बजेसम्म तपसिल बमोजिमको शर्त र अधिनमा रही गोप्य शिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

**तपसिल**

१. दररेट पेश गर्ने फर्म/ कम्पनी रिब्दीकोट गाउँपालिकाको कार्यालयमा सूचिकृत भएको वा दररेट पेश गर्नुअघी रितपुर्वक सुचिकृत हुनुपर्ने,
२. शिलबन्दी दरभाउपत्रसाथ स्यानीटरी प्याडको प्याकेट भित्रका ३ पिस र सम्बन्धित फर्म/ कम्पनीले दररेट पेश गर्ने सम्बन्धी ब्यहोराको निवेदन सहित नवीकरण भएका फर्म दर्ता र ब्यवसाय दर्ता संग सम्बन्धित प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्र (आ.व. २०७९।०८०), Technical Specification अनुसारकै स्यानीटरी प्याड भएको नेपाल सरकारबाट मान्यता प्राप्त ल्यावको रिपोर्ट र नियमानुसारका अन्य आबश्यक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी संलग्न गरी एउटा सिलबन्दी र BOQ मा दररेट भरी अर्को लिफाफामा सिलबन्दी गरी पुनः दुवै लिफाफाको एउटै सिलबन्दी बनाई पेश गर्नुपर्ने, Technical Specification मा सफल हुने फर्म वा कम्पनीको मात्र आर्थिक प्रस्ताव खोलिने,
३. आबश्यक BOQ र Technical Specification रिब्दीकोट गाउँपालिकाको वेभसाईट https://www.ribdikotmun.gov.np र सामाजिक सञ्जालहरुबाट समेत डाउनलोड गर्न सकिने,
४. तोकिएको समय अवधिभित्र कार्यालयमा प्राप्त हुन नआएका तथा रित पुरा नगरी प्राप्त हुन आएका प्रस्ताव उपर कुनै कारवाही नुहने,
५. अन्य विषयहरु प्रचलित कानून बमोजिम हुने,
६. कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका दरभाउपत्रहरु पूर्ण रुपमा वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयको हुनेछ।
७. पेश भएका शिलबन्दीहरु मिति २०८१।०३।०७ गते ३:३० बजे खोलिनेछ।

2081/3/8
..................
(लेखनाथ पोखरेल)
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**